# 'स्टार्ट अप जिरो टु हिरो' अन्तर्गत चार आईडिया छनोट

न्यू सृष्टि दैनिक

**विराटनगर**

मोरङ उद्योग व्यापार संघको आयोजनामा संचालन भइरहेको विराट एक्स्पोके सन्दर्भमा आयोजित थिमेटिक सेसनमा प्रस्तुत भएमध्ये चार उत्कृष्ट आईडिया छनोटमा परेका छन् ।

संघले संचालन गरेको बुट क्याम्पबाट छनोट अन्तिम १५ बाट छानिएका १३ मध्ये चारलाई निर्णायकले उत्कृष्ट ठहर गरे । छनोट भएका उनीहरूले अब आईडिया स्टुडियो सिजन ९ मा सिधा प्रवेश पाएका छन् ।

संघले आह्वान गरेपछि कोशी प्रदेशका विभिन्न १० जिल्लाबाट ५२ आईडिया दर्ता भएको र क्याम्पमा सहभागी भई अन्तिम १५ छनोट गरिएको छ ।

विराट एक्स्पो स्थलमा दैनिक आयोजना भईरहेको थिमेटिक सेसनके क्रममा आईडिया पिच गरेका मध्ये विष्णु पोखरेल, जीवन कुस्वाहा, भिजन प्रताप खत्री र आयुष आचार्यले पिच गरेका आईडिया उत्कृष्ट ठहर गरिएका हुन ।

उनीहरूको आइडियालाई उद्यमशीलता विकाससँगै व्यवसायमा रुपान्तरण गर्न संघले समन्वकारी भूमिका निर्वाह गर्ने अध्यक्ष अनुपम राठीले बताएका छन् ।

# अनमोल विशेष शिक्षा केन्द्रको सातौँ वार्षिकोत्सव

न्यू सृष्टि दैनिक

**विराटनगर**

विराटनगर दुधफारमस्थित अनमोल विशेष शिक्षा केन्द्रले सातौं वार्षिकोत्सव विविध र अर्थपर्ण कार्यक्रमसहित आयोजना प्रकाश पार्दे निजी क्षेत्रबाट अनमोलले पुऱ्याउँदे आएको योगदान उदाहरणीय रहेको बताए ।

विद्यालयकी संस्थापक निर्देशक तथा मनोवैज्ञानिक/मनोचिकित्सक अर्चना पोखरेल रिमालले अटिजम

# ४ जीपीए ल्याउने विद्यार्थी सम्मानित

न्यू सृष्टि दैनिक

**विराटनगर**

प्याब्सन विराटनगरले ०८२ सालको एसईई परीक्षामा ४ जीपीए ल्याउने सदसय स्कुलका ११ विद्यार्थीलाई सम्मान गरेको छ । सम्मान पाउनेमा सबे विद्यार्थी विराटनगरका हुन् ।

सम्मानितलाई नगद पुरस्कारले पुरस्कृत गरिएको थियो । प्याब्सन विराटनगरको दोस्रो महानगर परिषद् भेलाका अवसरमा उच्च नतिजा हासिल गर्ने विद्यार्थीलाई सम्मान गरिएको हो । विकेभिएमका मौलिक ढकाल, अभियान राजवंशी, गोरव झा, नैतिककुमार पोद्धार, प्रिन्सी साह र स्नेहल राज साह, एभरेष्ट स्कुलका प्रेम खतिवडा र कृति गोयल, सगरमाथा स्कुलका सोभित न्यौपानेलाई सम्मानित गरियो ।

यस्तै जेम्स स्कुलका श्रीजी पोखरेल र कान्तिपुर स्कुलकी आयुषा कार्की सम्मानित भए । विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला र प्याब्सन विराटनगरका अध्यक्ष अर्जुन श्रेष्ठले विद्यार्थीहरूलाई नगदसहित सम्मान गरेका थिए ।

त्यसै अवसरमा प्याब्सन विराटनगरले सामाजिक अभियन्ता पारुल क्षेत्री र समाजसेवी करिम अन्सारीलाई पनि सम्मान गरेको छ । कार्यक्रममा बोल्दै महानगर प्रमुख कोइरालाले गुणस्तरीय शिक्षामा निजी विद्यालयहरूको भूमिका उल्लेखनीय रहेको बताए ।






कोशी प्रदेश सरकार

खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय

## कन्काई सिंचाई व्यवस्थापन कार्यालय

**कोशी प्रदेश, गैडें, झापा**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८२।०९।१७

यस कार्यालयको मिति २०८२।०८।०५ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सुचना अनुसार Online Bidding Procedure मार्फत प्राप्त बोलपत्र मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रको न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि देखिएकोले बोलपत्र स्वीकृतिको लागि छनौट गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | कबोल रकम रु भ्याट सहित |
|---|---|---|---|---|
| १. | KIMO/WORKS/NCB -05/2082-83 | Emergency Bank Protection Work at Kankai River R/S & L/S Bank at U/S of KIS Headworks, Jhapa | U.K. Construction Pvt. Ltd., Katari-5, Udaypur | ३७,८२,००३।०४ |
| २. | KIMO/WORKS/NCB -06/2082-83 | Construction and Protection of Canal and Canal Related Structure at R-IV, Bolo Chowk, KIS, Jhapa | U.K. Construction Pvt. Ltd., Katari-5, Udaypur | २६,५४,३४१।२३ |

**कार्यालय प्रमुख**